जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ अंक ३३ २०८० साल चैत १८ गते आइतवार (31 Mar. 2024 Sunday) मूल्य रु. ७/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** विपदमा गरिने नियन्त्रण र उद्धार कार्य ... **पृष्ठ ३ मा :** युवाको विदेश पलायन ... **पृष्ठ ४ मा :** जनस्वास्थ्य र दिगो विकासको लागि ... **पृष्ठ ५ मा :** अफगानी विश्वविद्यालयमा डेढ ...

# विश्वकल्याण तथा सनातन धर्मको प्रचार प्रसार गर्ने उदेश्यले नवकुण्डिय महाविष्णु महायज्ञ सुरु



**राजविराज**/राजविराजमा शुक्रबारदेखी नवकुण्डिय महाविष्णु महायज्ञ सुरु भएको छ । राजविराज ६ खरसाल टोलस्थित नाथबाबा मन्दिर प्राङ्गनमा उक्त महायज्ञ चैत २४ गते सम्म संचालन रहनेछ ।

विश्वकल्याण तथा सनातन धर्मको प्रचार प्रसार गर्ने उदेश्यले नवकुण्डिय महाविष्णु महायज्ञको आयोजना गरिएको अध्यक्ष खुशीलाल यादवले जानकारी दिएका छन् ।

महायज्ञको अनुमानित लागत ७५ लाख रुपैया रहेको छ । ५ लाख भन्दा बढी भक्तजन आउने अनुमान गरिएको महायज्ञमा आउने साधु सन्त र भक्तजनका लागी निःशुल्क भोजनको व्यवस्था गरिएको र यस कार्यमा स्थानीयवासी र विभिन्न समाजसेवी संघ संस्थाले खाद्यान्न उपलब्ध गराएको आयोजक समितिका कोषाध्यक्ष ध्रुव देवले बताए ।

भारतबाट भगवान शरण शास्त्री, देवी चन्द्रकला, रामचन्द्र दास, गोपाल दास, दस्यन्त्र शर्मा, व्यासजी महाराजको उपस्थिती रहेको छ । यस्तै नेपालबाट शंकरार्चाय मोहन शरण देव, भुतनाथ बाबा र मोती दास बाबाको सहभागिता रहेको छ ।

महायज्ञमा धार्मिक कार्यक्रमहरुका साथै मेला र कुस्ती प्रतियोगिता समेतको आयोजन हुँदैछ । नेपाल तथा भारतका चर्चित पहलमान बीच चैत्र २५, २६ र २७ गते गरी तीन दिने कुस्ती प्रतियोगिताको आयोजना गरिने भएको छ । यस्तै मेलामा मनोरन्जनका लागी विभिन्न खेल तमासाहरुको व्यवस्था समेत गरीएको छ ।

महायज्ञको पूर्वसन्ध्यामा विहिवार कलशयात्रा निकालिएको छ । घोडदह नदीबाट पवित्र जल लिई कलशयात्रा निकालिएको हो । बाजागाजा सहित बजार क्षेत्रमा निकालिएको कलश यात्रामा हज्जारौ महिला/पुरुष सहभागि भए । उनीहरुले पवित्र जल भरेर महायज्ञ स्थलसम्म लगेका थिए ।

महायज्ञको पूर्वसन्ध्यामा विहीवार हजारौ महिलाहरुको सहभागितामा कलश यात्रा निकालिने तथा शुक्रवार महायज्ञको नेपाल-भारत विरक्त मण्डलका अध्यक्ष राम प्रसाद दास जी र शंकरार्चाय मोहन शरण देवले संयुक्तरुपमा उदघाटन गरेका छन् । महायज्ञमा विभिन्न देवी देवताका ५० भन्दा बढी माटाका आकर्षक मुर्तीहरु राखिएको छ ।

## एसइई सुरु, सप्तरीबाट ९ हजार तीन सय २३ परीक्षार्थी सहभागी

**राजविराज**/माध्यमिक शिक्षा परीक्षा (एसइई) विहीवारदेखी सुरु भएको छ ।

सप्तरीबाट यस परिक्षामा छात्र र छात्राहरु गरि कुल ९ हजार तीन सय २३ परीक्षार्थी सहभागी छन् । यस पटकको एसइई परिक्षामा मधेस प्रदेशका आठ जिल्लामध्ये सबैभन्दा कम संख्यामा परिक्षार्थी सप्तरीबाट सहभागि छन् ।

यता एसइईको पहिलो दिन विहीवार सप्तरीको

*बाँकी दुई पृष्ठमा*

## कारागारभित्र एक कैदीबन्दीको मृत्यु

**सुनसरी**/सुनसरीको झुम्का कारागारभित्र शनिबार ४२ वर्षीय न्यायधीश राईको मृत्यु भएको छ ।

पत्नी हत्याको आरोपमा कर्तव्य ज्यान मुद्दामा कैद भुक्तान गरिरहेका खोटाङका साकला गाउँपालिका घर भई हाल इटहरी उपमहानगरपालिका-४ मा डेरा गरी बस्दै आएका राईको कारागारभित्रै मृत्यु भएको हो ।

कारागारभित्रै कुटेर हत्या गरेको राईका आफन्तले आरोप लगाएका छन् । कारागारमा भाईको हत्या भएको दाबी गर्नुहुँदै घटनाको छानबिन गर्नुपर्ने मृतक न्यायधीशका दाई सुभाष राईले माग गरे । न्यायधीशको शरीरभरि निलडाम रहेको, कान सुनिएको र चोट देखिएकाले कारागारभित्रै कुटेर हत्या गरेको मृतकका भाउजु उर्मिला राईले दाबी गरिन् ।

कैदीबन्दी राईको जिल्ला अस्पतालमा उपचारका क्रममा मृत्यु भएको झुम्का कारागारका प्रमुख ध्रुवराज कोइरालाले बताए । स्वास्थ्यमा समस्या रहेकाले उपचारका लागि जिल्ला अस्पताल सुनसरीमा भर्ना गरेको र उपचारका क्रममा उनको मृत्यु भएको उनको भनाइ छ ।

जिल्ला अस्पताल सुनसरीका प्रमुख श्रेया पड्गेनीले राईको अस्पताल आउनुअघि नै मृत्यु भइसकेको बताए । पीडित पक्षले न्याय र क्षतिपूर्ति नदिएसम्म शव परीक्षण गर्न नदिने र शव नबुझ्ने अडान लिएको छ । शव इनरुवा अस्पतालमा राखिएको छ ।

## टयाक्सी त्रिशूली नदीमा खस्दा पाँचको मृत्यु, एक वेपत्ता

**चितवन**/काठमाडौंबाट गोरखातर्फ आइरहेको टयाक्सी त्रिशूलीमा नदीमा खस्दा पाँच जनाको मृत्यु भएको छ भने एक जना बेपत्ता छन् ।

शनिबार बिहान ७ः१५ बजे चितवनको इच्छाकामना गाउँपालिका ५ स्थित पृथ्वी राजमार्गको सिमलधारा नजिक उक्त दुर्घटना भएको हो ।

प्रहरीका अनुसार टयाक्सी चालक गोर्खा नगरपालिका ७ का ३५ वर्षीय अर्जुन सिर्मल, सोही ठाउँका ४१ वर्षीया हरिमाया रोकाय, ७० वर्षीया जुनकिरी रोकाय, २८ वर्षीया अञ्जना रोकाय, ९ वर्षीय बालक आगमन नगरकोटीको मृत्यु भएको हो । अठार वर्षीय दिवस रोकाय बेपत्ता छन् ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख भावेश रिमालका अनुसार पारिवारिक कार्यक्रम सकेर काठमाडौंबाट तीन वटा गाडीमा फर्किंदै गर्दा दुर्घटना भएको हो । अन्य दुई गाडी मुग्लिन आइपुगेपछि धेरैबेर कुर्दा नआएपछि उनीहरूले प्रहरीलाई खबर गरेको रिमालले जानकारी दिए । खोज्दै जाँदा सडकको डिभाइडर भाँचिएको देखेपछि त्रिशूलीमा झरेर हेर्दा टयाक्सी खसेको भेटिएको उनले बताए ।

## हात्तीको आक्रमणबाट महिलाको मृत्यु

**झापा**/जिल्लाको कमल गाउँपालिकामा शुक्रबारराति हात्तीको आक्रमणमा परी एकजना महिलाको मृत्यु भएको छ ।

वडाध्यक्ष लालबहादुर विष्टका अनुसार कमल गाउँपालिका ५ गुह्येश्वरी टोलकी ५८ वर्षीया खड्गमाया लिम्बूको मृत्यु भएको हो । छिमेकी पवित्रा बेघाको घरमा सुतिरहेका बेला राति ११ः५० बजे हात्तीले घर भत्काउँन थालेपछि भाग्ने क्रममा निजमाथि आक्रमण भएको थियो ।

लिम्बू परिवार केही वर्षदेखि रतुवा माई बृक्षरोपण आयोजनाको जङ्गल हातामा कटेरो बनाई बस्दै आएका थिए । वर्ष दिनअघि सोही बस्तीमा हात्तीको आक्रमणमा परेर ५८ वर्षीय रोहित रेग्मीको मृत्यु भएको थियो ।

जिल्लाको शिवसताक्षीमा तीन दिनअघि हात्तीले आक्रमण गर्दा शिवसताक्षी ११ की ६० वर्षीया पवित्रा भेटवालको मृत्यु भएको थियो भने उनका श्रीमान् ६२ वर्षीय दिलीप भेटवाल गम्भीर घाइते भएका छन् ।

यस वर्ष हात्तीको आक्रमणबाट झापामा सात जनाको मृत्यु भइसकेको छ भने सात जना घाइते भएका डिभिजन वन कार्यालयकी सूचना अधिकारी अञ्जना पुरीले जानकारी दिइन् ।

## महिनावारीको समयमा ध्यान दिऔं

- नियमित रुपमा नुहाउने, लगाएको कपडा फेर्ने र साबुन पानीले बेला-बेलामा हात धुने गरौं,
- स्यानिटरी प्याड वा सफा र नरम खालको सुती अथवा कटनको कपडाको प्रयोग गरौं,
- कम्तीमा ४ देखि ६ घण्टाको फरकमा स्यानिटरी प्याड वा प्रयोग गरेको कपडा फेरौं,
- प्रयोग गरेका कपडाहरु धोए पछि घाममा राम्रोसँग सुकाएर मात्र पुनःप्रयोग गरौं,
- सामान्य शारिरीक व्यायाम गरौं,
- गेडागुडी, माछा, मासु, मौसम अनुसारको फलफूल तथा हरियो सागसब्जी र प्रशस्तमात्रामा पानीलगायत झोलिलो खानेकुरा खाऔं,

सरसफाईमा विशेष ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### शौचालयको अभावमा भौतारिदै बटुवा

राजविराज नगरपालिकामा शौचालयको अभाव रहेको छ । जसकारण बटुवाहरु भौतारिदै खुल्ला स्थानमा शौच गर्न बाध्य छन् । नगरलाई सुन्दर, सफा र हराभरा राख्ने अभियानका साथ राजविराज नगरपालिकाले विगतका वर्षदेखी गरिरहेको विकासीय कार्यलाई अहिले बिर्सेको छ । आफ्नै नारा बिर्सेर अहिले नगरको केही स्थानलाई कुरुप गर्ने कार्यमा लागेको छ । नगरपालिकाको कार्यालयको मुख्यद्वार अगाडी विद्यालयको झ्याल बन्द गरेर शौचालय निर्माण गर्ने कार्यप्रति नगरवासी दुखी हुनुका साथै आक्रोसित बनेका छन् । सार्वजनिक शौचालय निर्माण गर्नु सह्रानिय कार्य हो । नगरवासीका साथै आवतजावत गर्ने मानिसहरुलाई शौच गर्न असुविधा नहोस् भन्ने उद्देश्यका साथ शौचालय निर्माण गरिएको हो । तर, दिर्घकालिन सोचको अभावमा कार्यालय अगाडी त्यो पनि विद्यालयको झ्याल थुनेर शौचालय बनाउनु उचित होइन् । त्यसमा पनि प्रयोगमा नआउँदै शौचालय दुर्घन्धित बन्न पुगेको छ ।

अहिले सो शौचालय फोहर हुनका साथै दुर्घन्धित भएपछि त्यहाबाट आवतजावत गर्ने मानिसहरु मुख थुनेर हिड्न बाध्य भएका छन् । निर्माण गरिएको शौचालयको छेउमा सरकारी विद्यालय तथा पोखरी र त्यसको अगाडी एउटा निजि विद्यालय पनि छ । फोहर र दुर्घन्धका भएको शौचालयलाई सफा गर्नेतर्फ धयान पुग्न सकेको छैन् । अनुचित स्थानमा शौचालय निर्माण गरेर रकमको दुरुपयोगका साथै नगरपालिका कार्यालयले आफ्नो दायित्वबाट समेत पन्छिएको छ ।

तसर्थ नगरपालिकाले सबैलाई पायक पर्ने सथानमा शौचालय निर्माण गर्नेतर्फ ध्यान दिनुका साथै संचालनमा रहेका ती शौचालयहरुलाई व्यवस्थित गर्नेतर्फ ध्यान पुर्‍याउनु उत्तिकै आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विपदमा गरिने नियन्त्रण र उद्धार कार्य सम्बन्धि कला कौशल प्रर्दशन



**राजविराज**/आगलागीको घट्नामा वृद्धि भइरहेका बेला यसको न्यूनिकरणका लागी सचेतना कार्यक्रमका सहित विपदमा गरिने नियन्त्रण र उद्धार कार्य सम्बन्धि कला कौशल प्रर्दशन गरिएको छ ।

गर्मी र सुख्खायामको शूरुवात सगै सप्तरीमा विपद व्यवस्थापन समितिको आयोजनामा बरख गण ब्यारेकका सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका तालिम प्राप्त उद्धारकर्ताहरुको संयुक्त टोलीद्वारा बुधवार राजविराजस्थित राजरंगशालामा सचेतना संगै आगलागीको घट्नाक्रम र उद्धार अभ्यास सहित कला कौशल प्रर्दशन गरिएको हो ।

सप्तरी आगलागीका घट्ना हुने उच्च जोखिम रहेको जिल्लामा पर्दछ । गर्मी र सुख्खायामको शूरुवात संगै जिल्लामा आगलागीका आधा दर्जन जती घट्ना भई लाखौको क्षती भईसकेकोले सचेतनाका लागी यस्तो कार्यक्रम गरिएको जनाइएको छ ।

राजरंगशाला मैदान मै अस्थायी वस्ती र वनजंगलको संरचना निर्माण गरी तीन वटै सुरक्षा निकायका सुरक्षाकर्मीले आगलागी नियन्त्रण सम्बन्धि चेतनामुलक अभ्यास प्रस्तुत गरेका हुन ।

उक्त कार्यमा नेपाल रेडक्रस सोसाईटी शाखा, राजविराज नगरपालिका लगायत विभिन्न पालिकाका कर्मचारी पनि सहभागी भएको विपद व्यवस्थापन समिति सप्तरीको अध्यक्ष समेत रहेका प्रमुख जिल्ला अधिकारी किरण थापाले बताए ।

प्राकृतिक विपदको सामना पूर्व गर्नु पर्ने तयारी तथा विपदका कारण हुने सम्भावित क्षति न्यूनिकरण गर्ने उदेश्यले विपद प्रतिकार्य तालिममा सहभागी भई सेनाले विपदमा गरिने उद्धारकला प्रर्दशन गरेको र यसले आगलागी घटना नियन्त्रण र न्यूनिकरणका ठूलो मदत पुर्‍याउने बरख गणका गणपती रमेश पाण्डेले बताए ।

सप्तरी आगलागीका कारण जोखिमयुक्त जिल्लामा पर्ने भएकाले उदारकला प्रर्दशन कार्यक्रमले आगलागीको समयमा मानवीय र भौतिक क्षति न्यूनिकरणका साथै उद्धार गर्न सजिलो र सहज हुने राजविराज नगरपालिकाकी कार्यवाहक नगर प्रमुख इसरत परवीनले बताईन ।

साँच्चिकै आगलागीको घट्ना नै भएको जस्तो देखिएको यो.दृष्य हेर्न सर्वसाधारणको घुंइचो लागेको थियो । उद्धारकला प्रर्दशन कार्यक्रममा विपदका बेला प्रयोग गरिने वाटरहेलमेट, फायरग्लास, फायर युनिट, प्यारावीना, झमरा, फस्टएड, फिगरएड, गिरीगिरी लगायतका १ सय भन्दा बढी उद्धार समाग्री समेत प्रर्दश गरिएको थियो । आगलागीको सर्वाधिक घट्ना हुने सप्तरीमा स्थानीयस्तरमा आगलागीबाट जोखिने तथा आगलागी भईहाले तत्काल नियन्त्रण लिनका लागी गर्नु पर्ने उपायवारे विपद व्यवस्थापन सम्बन्धि अभ्यास र सचेतना कार्यक्रमले धेरै हदसम्म सहयोग पुर्‍याउने स्थानीयले विश्वास व्यक्त गरेका छन् ।

कार्यक्रममा प्रहरी उपरिक्षक गजुसिद्धी बज्राचार्य, रेडक्रस सोसाईटी शाखाका सभापती जोगेन्द्र भगत, उद्योग वाणिज्य संघ सप्तरीका अध्यक्ष लालु प्रसाद अग्रवाल, उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य अरुण प्रधान, पत्रकार महासंघका सभापती श्रवण कुमार देवका साथै ठूलो संख्यामा उपस्थित सर्वसाधारण तथा विभिन्न विद्यालयका विद्यार्थीहरुको उपस्थितीमा सुरक्षा निकायका तालिम प्राप्त उद्धारकहर्ताले आफ्नो कौशल देखाएका थिए ।

वन डढेलो तथा आगलागीका घट्नालाई नियन्त्रण गर्न सबै एकताबद्ध भएर अगाडी बढ्नु पर्ने संदेश दिन पनि यस्तो कार्यक्रमको आयोजना गरिएको सुरक्षा निकायले जनाएको छ ।

### एसइई सुरु...

विभिन्न परीक्षा केन्द्रमा ठूलो संख्यामा परीक्षार्थी अनुपस्थित भएको पाइएको छ ।

शिक्षा विकास तथा समन्वय एकाई सप्तरीका अनुसार पहिलो दिन अंग्रेजी विषयको परीक्षामा १ सय ९२ जना परीक्षार्थी अनुपस्थित भएका छन् ।

यसरी अनुपस्थित हुनेहरुमा ९८ छात्र र ९४ छात्रा छन् । शिक्षा विकास तथा समन्वय एकाई सप्तरीका प्रमुख विजय मण्डलका अनुसार जिल्लामा कायम गरीएको ३६ वटै परिक्षा केन्द्रका गरी पहिलो दिन १ सय ९२ जना परीक्षार्थी अनुपस्थित रहेको पाइएको छ ।

यस पल्ट जिल्लामा सामुदायिक तर्फ ९४ विद्यालय र संस्थागत तर्फ ४८ विद्यालयका गरी कुल ९ हजार ३ सय २३ परीक्षार्थी परीक्षामा सहभागी भएको उनले जानकारी दिएका छन । यो संख्या भने मधेश प्रदेश मै सब भन्दा कम रहेको उनको भनाई छ ।

यस पल्ट मधेश प्रदेशको धनुषामा सर्वाधिक १२ हजार २ सय १४ परीक्षार्थी एसइई परिक्षामा सहभागी भएका छन् । यस्तै सिरहामा १० हजार ९ सय २३, सर्लाहीमा १० हजार ८ सय ९६, पर्सामा १० हजार ६८, रौतहटमा ९ हजार ४ सय ६९, बारामा ९ हजार ४ सय ४४ र महोत्तरीमा ९ हजार ४ सय ३१ परिक्षार्थी रहेको मधेश प्रदेश शिक्षा विकास निर्देशनालयले जनाएको छ ।

परीक्षालाई मर्यादित बनाउन जिल्ला परीक्षा समन्वय समितिको अध्यक्ष समेत रहेका प्रमुख जिल्ला अधिकारी किरण थापा नेतृत्वको टोलीले अनुगमन र निरिक्षण गरेको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

# युवाको विदेश पलायन घटाउन 'रिटर्नी' को पुर्नस्थापना कसरी गर्ने ?

**रमेश पण्डित तुफान**

युवाको विदेश पलायनले देशको कृषियोग्य जमिन बाँझो छ । युवा बिदेसिनुको असर देशको आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा परिरहेको छ । उत्पादन बढाएर देशलाई समाजवाद उन्मुख समृद्धितिर लैजान नेपालबाहिर रहेका बहुसङ्ख्यक नेपालीको सहभागिता अनिवार्य हुन्छ ।

अवसर र रोजगारी खोज्दै आजसम्म एक करोडभन्दा बढी नेपाली बिदेसिएका छन् । उनीहरूमध्येबाटै स्वदेश फर्किएका, जोससँग केही गर्ने उमेर र उमङ्ग अझै बाँकी छ; उनीहरूको प्राविधिक ज्ञान, सीप, पुँजी र समग्र अनुभवलाई प्रयोग गरेरै हामीले देशमा उत्पादन बढाउन सक्छौं । यसरी फर्किएका ( रिटर्नी)हरूलाई रोजगारी दिएर वा स्वामित्व दिएर देशको उत्पादन बढाउने योजना अर्थात् 'महा-उत्पादनको अभियान' राज्यसँग हुनुपर्छ ।

आत्मनिर्भर अर्थतन्त्र एवं समृद्धिका लागि सरकार, 'रिटर्नी' र सम्पूर्ण सरोकारवालाहरूको यसप्रति ध्यान जान जरुरी छ । हरेक 'रिटर्नी'लाई कुनै उद्यममा संलग्न गराउन वा बाहिर सिकेर आएको सीपअनुसारको रोजगारमा लगाउन राज्यले ध्यान दिनुपर्छ ।

अर्थतन्त्रमा आन्तरिक तथा बाह्य आम्दानी र कुल गार्हस्थ्य उत्पादनको स्थिति ऋणात्मक रहे पनि उल्लेख्य विदेशी मुद्रा सञ्चितिका कारण नेपालको अर्थतन्त्र सकारात्मक छ । धेरैको मुखबाट सुन्ने गरिएको छ, 'आज मुलुकको अर्थतन्त्र विप्रेषण (रेमिट्यान्स) ले चलेको छ ।' विभिन्न तथ्याङ्ले यो पुष्टि गरेको देखिन्छ । राष्ट्र बैंकको आव २०७९/८० को तथ्याङ्क हेर्ने हो भने गत आर्थिक वर्ष नेपालमा १२ खर्ब २० अर्ब ५६ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ । अनौपचारिक क्षेत्रबाट भित्रिने वा विदेशमै खर्च हुने रेमिट्यान्स थप नौ खर्ब रहेको अनुमान गरिएको छ । यस वर्ष फेब्रुअरी पहिलो सातासम्म राष्ट्रको ढुकुटीमा विदेशी मुद्रा भण्डार १३.६९ अर्ब अमेरिकी डलर अर्थात् १८ खर्ब १६ अर्ब रुपैयाँ बराबरको विदेशी मुद्रा सञ्चिति रहेको नेपाल राष्ट्र बैंकको पछिल्लो प्रतिवेदनमा उल्लेख छ । यस आम्दानीलाई 'रिटर्नी'हरूको रोजगारी, उद्योग, उत्पादनमा जोड्नका लागि खर्च गर्न हो भने देशलाई आत्मनिर्भर बनाउन मद्दत पुग्ने थियो ।

जुनसुकै माध्यम र भिसामा बिदेसिए पनि रोजगार लक्षित युवाहरूको सङ्ख्या एक करोडभन्दा माथि नाघेको छ । श्रम तथा वैदेशिक रोजगार विभागका अनुसार, सरकारले २०५०/५१ देखि श्रम स्वीकृति लिएर विदेश पठाउने व्यवस्था गरेदेखि हालसम्म श्रम स्वीकृति लिएर बिदेसिने नेपालीको सङ्ख्या ७५ लाख ३९ हजार पुगेको छ । २०७८/७९ मा ६ लाख ३७ हजार १३३ र २०७९/८० मा सात लाख ७१ हजार ३२७ लाख नेपालीले श्रम स्वीकृति लिएर बिदेसिएका छन् ।

अनौपचारिक बाटोबाट बिदेसिने नेपालीको सङ्ख्या पनि दशौं लाख छ । विद्यार्थी लगायत भिसामा विदेशमा श्रम अनुमति लिएर काम गर्ने नेपालीको सङ्ख्या ११-१२ लाखको सङ्ख्यामा रहेको देखिन्छ । भारतमा रहेका नेपालीको सङ्ख्या पनि दशौं लाखको छ । जुन अभिलेखबद्ध गर्न कठिन छ ।

दिन प्रतिदिन बिदेसिनेको सङ्ख्या बढ्दो क्रममा छ । हरेक दिन देश छाड्ने युवाको सङ्ख्या २२/२३ सय छ भने फर्किनेको सङ्ख्या तीन-चार सयको हाराहारी छ । देशमा युवा रित्तिने क्रमलाई कम गर्न फर्किनेहरूको पुनर्स्थापना गर्न आवश्यक छ । यहाँनेर उजागर गर्नैपर्ने एउटा तथ्य के पनि हो भने रोजगार दिने मुलुकले दिनुपर्ने श्रम स्वीकृति नेपाल सरकार आफैँले दिने प्रावधान राखेको छ । जुन नेपालकै विमानस्थलसम्म मात्र सीमित हुन्छ । यो नीतिगत हिसाबले अवैज्ञानिक छ ।

विगत एक दशकमा नेपालले ठुलठुला सङ्कट बेहोरेको छ, जसले अर्थतन्त्रलाई कमजोर बनाउँदै लगेको छ । २०७२ को विनाशकारी भूकम्प, ठुलठुला बाढी-पहिरो, पटक पटक सरकार फेरिने राजनीतिक सङ्कट, कोरोना महामारी आदिबाट मुलुकको अर्थतन्त्र डुब्नबाट बचाउन रेमिट्यान्सकै मुख्य भूमिका छ, तर रेमिट्यान्सको भर हुँदैन । आत्मनिर्भर र समाजवादी अर्थतन्त्रका लागि हामीसँग राष्ट्रिय पुँजी र उत्पादन नै चाहिन्छ ।

गत आर्थिक वर्षको नतिजा हेर्ने हो भने हामीले हाम्रो बजेटभन्दा दुई खर्ब बढी व्यापार घाटा बेहोरेका छौं । कृषि वा खाद्यमा मात्र चार खर्बको आयात गरेका छौं । युवा निर्यात गरेर खाद्य आयात गर्ने हाम्रोजस्तो कृषिप्रधान देश विश्वमा अरु नहोला ।

नेपाललाई आत्मनिर्भर बनाउन तत्कालै अर्थतन्त्रलाई उद्धार गर्न जरुरी छ । यो अभिभारा विदेशबाट फर्किएका नेपालीबाट थाल्न सकिन्छ । आज देशमा प्रवासी वा 'रिटर्नी' नभएको घर कमै होला । विदेशबाट ज्ञान, सीप र पुँजी लिएर फर्कका श्रमजीवी वर्गलाई उत्पादनका लागि प्रयोग गर्न राज्य चुक्नु हुँदैन । 'महा-उत्पादनको अभियान' शीघ्र सञ्चालन गर्नुपर्छ ।

देशको परिवेश तथा ग्रामीण अर्थतन्त्रसँग बाल्यकालमा जोडिएको यो पुस्ता नै युवावस्थामा विदेशी भूमिमा आफ्नो श्रम खर्चिन पुगेको थियो । युवावस्थाको उत्तरार्द्धतिर स्वदेश फर्केकाहरूको ज्ञान, सीप, क्षमता र पुँजीलाई उचित ढङ्गले देशको उत्पादनमा जोड्न सकिएन हाम्रो अर्थतन्त्र जर्जर हुँदै जान्छ । अर्कोतिर नेपाली भूमिमा साल-नाल जोडिएको यो पुस्ता पलायनतिर लाग्दा यिनीहरूका सन्तानहरूको पनि देशसँगको नाता कमजोर हुने निश्चित छ । त्यसैले ४० वर्ष उमेर नाघेका यी 'रिटर्नी'हरूको श्रम सभ्यताको निरन्तरताले आगामी एक-दुई दशकभित्र समाजवादी नेपाल निर्माण गर्न योगदान पुऱ्याउन सकिन्छ ।

स्मरणीय छ, यो पुस्ता ( ४० नाघेको) नेपालको राजनीतिक इतिहासमा सचेत र परिवर्तनकारी पुस्ता हो र यो पुस्ता देशको पछिल्लो राजनीतिक परिवर्तनसँग प्रत्यक्ष वा परोक्ष जोडिएको छ । सामन्ती राजतन्त्र ढालेर गणतन्त्र ल्याउनमा यो पुस्तामध्ये अधिकांशको कुनै न कुनै भूमिका छ नै । यसर्थ यो पुस्ता (रिटर्नी)हरूलाई उत्पादनमा जोड्ने कार्यक्रम सरकारले आगामी बजेट र नीति तथा कार्यक्रममा समावेश गर्नुपर्छ । हरेक स्थानीय तहलाई उत्पादन, उद्योग र रोजगारमुखी बनाउँदै अर्थतन्त्रमा आत्मनिर्भर बनाउनुपर्छ ।

विदेशबाट आर्जन गरेको सीप, ज्ञान, अनुभवलाई पहिचान र अभिलेखबद्ध गर्न आवश्यक छ । उनीहरूको न्यूनतम तलबको १० प्रतिशत रकम (करिब ३५ अमेरिकी डलर) लाई 'रिटर्नी' बिउ पुँजी मानेर सरकार, निजी तथा गैरसरकारी क्षेत्रबाट दशौं खर्ब बराबरको लगानी कोष निर्माण गर्न सकिन्छ । प्राविधिक तथा बौद्धिक ज्ञान सीपलाई अर्को बैङ्का रूपमा केन्द्रित गर्नुपर्छ । जसले उत्पादनको महाअभियान सफल पार्न सक्छ । तब नेपालले युवाको साटो वस्तु निर्यात गरेर दिगो र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सक्छ । (लेखक श्रम आप्रवासन विज्ञ हुन् ।) रातोपाटीबाट

# प्रदेश र स्थानीय तहमा कर्मचारी अभाव हुने समस्यालाई समाधान गरिने : प्रधानमन्त्री

**काठमाडौं**/प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रदेश र स्थानीय तहमा कर्मचारी अभाव हुने समस्यालाई समाधान गरिने बताएका छन् ।

राष्ट्रिय सरोकार तथा समन्वय समितिको प्रतिवेदनमाथि राष्ट्रियसभाका सदस्यले उठाएका प्रश्नहरूको जवाफ दिँदै प्रधानमन्त्री दाहालले प्रदेश तथा स्थानीय तहलाई आवश्यकपर्ने कर्मचारी सधैँ अभाव हुने, कर्मचारीको सरुवा प्रणाली व्यवस्थित नहुँदा काम कारबाहीमा बाधा परिरहेकोलगायत विषय समाधान गरिने बताए ।

"कार्यविस्तृतीकरणको प्रतिवेदन तयार भएपछि तहगत अन्तरसम्बन्ध, अधिकार क्षेत्रको बाँडफाँट तथा अन्तर तह समन्वयका बारेमा यहाँ छलफलमा उठेका विषय, कार्यसम्पादनमा देखिएका समस्या तथा अस्पष्टता अन्त्य हुने र यो सङ्घीय प्रणाली कार्यान्वयनको कोशेढुङ्गा सावित हुनेछ", प्रधानमन्त्री दाहालले भने ।

प्रदेश र स्थानीय तहबीच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तहबीचको समन्वय तथा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न मुख्यमन्त्रीको संयोजकत्वमा रहेको प्रदेश समन्वय परिषद् एवं विषयगत समितिका बैठकलगायतका अभ्यास भएको प्रधानमन्त्री दाहालले जानकारी दिए । उनले संविधानअनुरुप सङ्घीयता कार्यान्वयन गर्न आवश्यक कानुनी, नीतिगत तथा संरचनागत विषय पहिचान भएको बताए ।

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने,कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# जनस्वास्थ्य र दिगो विकासको लागि प्रमुख चुनौती क्षयरोग

**झबिन्द्र भण्डारी**

विश्वमै क्षय रोग जनस्वास्थ्य र दिगो विकासको लागि प्रमुख चुनौती रहँदै आएको छ। यो सरुवा रोग उच्च मृत्युदर भएका १० वटा रोगहरु मध्ये एकको रूपमा रहँदै आएको छ। सन् १९९३ मा विश्व स्वास्थ्य संगठनले क्षयरोगलाई जनस्वास्थ्यको प्रमुख समस्याको रुपमा घोषणा गरेपछि. यसको प्रभावकारी योजना र व्यवस्थापनको लागि नयाँ नीति र कार्यक्रमहरूमा जोड दिँदै आएको छ। गरिबी, अशिक्षा, चेतनाको कमी, आन्तरिक बसाइँसराइ र खुला सीमाना आदि कारणहरुले क्षयरोग बाट संक्रमित हुने दर बढ्दो छ।

अध्ययनहरू अनुसार मूलत: गरिब र सीमान्तकृत समूहहरूमा क्षयरोगको जोखिम बढी पाइएको छ। त्यसैले क्षयरोगका व्यापक निर्धारकहरुको मानवशास्त्रीय विश्लेषणगर्दै सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक, मनोवैज्ञानिक र भौगोलिक आयामहरू सम्बोधन गर्न सकेमा क्षयरोग नियन्त्रणका प्रयासहरु अझ बढी प्रभावकारी हुन सक्छन्क्ष

विश्वव्यापीकरण सँगै. बदलिँदो सामाजिक परिवेशमा स्वास्थ्य प्रणालीमा देखिएका केही महत्वपूर्ण चुनौतीहरुले गर्दा पनि क्षयरोगको प्रभावकारी नियन्त्रण र रोकथाममा अपेक्षित उपलब्धि हासिल गर्न अझै सकिएको छैन। कोभिड- १९ को महामारी, प्राकृतिक विपद्का साथै राजनीतिक. अस्थिरताले पनि राष्ट्रिय क्षयरोग कार्यक्रमका लक्ष्यहरु हासिल गर्न चुनौतीपूर्ण हुन्छक्ष स्वास्थ्य सेवामा सबैको समतामूलक पहुँच सुनिश्चित नहुनु, दुर्गम क्षेत्रमा.आवश्यक पर्ने दक्ष जनशक्तिको अभाव, सेवाको गुणस्तर तथा वितरणमा रहेका केही कमी कमजोरीहरूले गर्दा स्थानीय तहमा गुणात्मक. क्षयरोग सेवाहरू प्रदान गर्न कठिनाइ देखिएको छ।

नेपाल सरकारले क्षयरोग कार्यक्रमलाई उच्च प्राथमितामा राखेको छ। एकीकृत स्वास्थ्य प्रणालीमार्फत. संघदेखि प्रदेश र समुदायसम्म कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। आवश्यक. प्राविधिक सहयोगका लागि विश्व स्वास्थ्य संगठन, ग्लोबल फण्ड, डेमियन फाउण्डेसन लगायत. साझेदार संस्थाहरूको सहयोगले राष्ट्रिय क्षयरोग कार्यक्रमको लक्ष्य हासिल गर्नको लागि महत्वपूर्ण भूमिका रहँदै आएको छ।

क्षयरोगको अन्त्यका लागि लैंगिक असमानता, लाञ्छना भेदभाव र अन्य सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक र भौगोलिक अवरोधहरुलाई हटाउँदै गुणात्मक सेवाको पहुँचमा सुधार ल्याउने प्रयासहरूलाई अझ बढी प्रभावकारी बनाउनुपर्ने देखिन्छ। मूलत: सीमान्तकृत समुदायहरुको सशक्तीकरण.र क्षयरोग कार्यक्रमहरुमा अर्थपूर्ण संलग्नता बढाउन जरुरी छ।

शहरी जनसंख्यामा भएको वृद्धि तथा गरीबीका कारण खासगरी काठमाडौं उपत्यका र तराईका विभिन्न क्षेत्रहरुमा क्षयरोगको जोखिममा रहेको जनसंख्याको अनुपात बढ्दै गएको छ। अर्कोतर्फ औषधि प्रतिरोधी क्षयरोग, एचआईभी एड्स लगायत मधुमेह तथा. अन्य रोगहरुको सहसंक्रमण, बढ्दो शहरीकरण, खुला सिमाना आदिले क्षयरोगको प्रभावकारी. व्यवस्थापनमा चुनौति थपिएको छ।

नेपालले सन् १९९६ देखि प्रत्यक्ष निगरानीको उपचार विधिबाट क्षयरोगको उपचार सुरु गरेको हो। यस कार्यक्रमलाई क्रमश: विस्तार गर्दै सन् २०१३ मा सम्पूर्ण सरकारी स्वास्थ्य संस्थाहरु लगायत मेडिकल कलेज र निजी स्वास्थ्य संस्थामार्फत कार्यक्रम सञ्चालन भइरहेको छ। क्षयरोग नियन्त्रणका लागि. विश्वस्तरमा भएका दिल्ली घोषणा, मस्को घोषणा, संयुक्त राष्ट्र संघीय उच्च स्तरीय बैठकले दिगो विकास लक्ष्यहरूलाई हासिल गर्दै सन् २०३५ सम्ममा. क्षयरोगको अन्त्य गर्ने लक्ष्य लिएको छ।

विश्व स्वास्थ्य संगठनले. सिफारिस गरेका लक्ष्य रणनीति र सहयोगका साथै. क्षयरोगको भारको अवस्थालाई हेर्दा प्रमाणमा आधारित एवं सामाजिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक र राजनीतिक दृष्टिबाट महामारीलाई अन्त्य गर्ने निश्चित आधारहरु तयार गर्नु जरुरी छ। क्षयरोग अन्त्य गर्ने रणनीतिलाई सफलतापूर्वक कार्यान्वयन गर्न दिगो स्वास्थ्य प्रणालीको सुदृढीकरण गर्दै क्षयरोग निदानमा नयाँ प्रबिधी र औषधीहरुको उच्चतम प्रयोग गर्न जरुरी देखिन्छ। हामीले अनुमान गरेकोभन्दा क्षयरोगको सामाजिक आर्थिक प्रभाव बढी छ। यसका साथै औषधि प्रतिरोधी क्षयरोगका बिरामी बढ्नुले क्षयरोग नियन्त्रण र रोकथाममा थप समस्या देखिन्छ।

राष्ट्रिय क्षयरोग कार्यक्रमले. उल्लेख्यरुपमा सफलता हासिल गरेतापनि अझै क्षयरोगका बिरामीहरु खासगरी पहाडी तराई, काठमाडौं तथा हिमाली क्षेत्रमा बढी देखिन्छ। यो कार्यक्रमले नयाँ.संक्रमण हुने दरलाई रोक्न र गुणस्तरीय बिरामी केन्द्रित क्षयरोगको उपचार.सेवाको व्यवस्थापन सुनिश्चित गर्न अपरिहार्य देखिन्छ। अहिलेको अवस्थामा क्षय रोगबाट हुने मृत्युलाई ९५ प्रतिशत, नयाँ क्षयरोग हुने दरलाई ९० प्रतिशतले कमी ल्याउने हो भने यो रोगका.कारणले हुने आर्थिक भारलाई शून्यमा ल्याउने अनुमान गर्न सकिन्छ।

नेपालको संविधानले स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरिसकेको छ। संविधानको धारा ३५ (१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने उल्लेख गरिएको छ। यसैगरी स्वास्थ्य नीति २०७६ र स्वास्थ्य रणनीतिमा क्षयरोग, एचआईभी एड्स लगायतका सरुवा रोगहरु को रोकथाम र नियन्त्रण गर्न प्रभावकारी कार्यक्रमहरु कार्यान्वयन गरिने उल्लेख भएको छ। पन्ध्रौँ योजनाले पनि क्षयरोगलाई गम्भीर सरुवा रोगको रूपमा समावेश गर्दै यसको प्रभावकारी व्यवस्थापन गर्न लगानी बढाउनु पर्ने औचित्यलाई प्रस्ट पारेको छ।

आर्थिक वर्ष २०७५/७६ सम्पन्न क्षयरोग प्रिभ्यालेन्स सर्वेक्षणको नतिजा अनुसार वार्षिक रूपमा नयाँ बिरामी ६९ हजार ( २४५ प्रति १ लाख जनसंख्यामा) थपिने गरेको तथ्य सार्वजनिक भएको छ। नेपालमा क्षयरोगको वार्षिक तथ्यांक हेर्दा उत्पादनशील उमेर समूह १५ देखि ४० वर्षका व्यक्तिहरूमा बढी देखिएको छ। यो सरुवा रोग. महिलामा भन्दा पुरुषमा बढी पाइएको छ।

यो चुनौतीलाई सम्बोधन गर्न नेपाल सरकारले. केही प्रभावकारी र नवीनतम क्रियाकलापहरू समावेश गरी राष्ट्रिय रणनीतिक योजना (२०७८/७९-२०८२/८३) कार्यान्वयनमा ल्याएको छ। भर्खरै मात्र यसको मध्यावधि समीक्षा पनि सकिएको छ, जसले केहि महत्वपूर्ण रणनीतिहरुलाई कार्यान्वनको लागि प्राथमिकतामा राख्न जोड दिएको छ। अहिलेको स्रोत परिचालनको परिदृश्यलाई समिक्षा गर्ने हो भने क्षयरोग कार्यक्रममा दातृ निकायको सहयोग उल्लेख्य देखिन्छक्ष तर कार्यक्रमको निरन्तरता र दिगोपनाको लागि राष्ट्रिय लगानी उल्लेख्य.बढाउनुपर्ने देखिन्छ।

अर्को तर्फ क्षयरोग मुक्त अभियानलाई स्थानीय तहमा कार्यान्वयन गर्न क्षमता, अभिवृद्धि र सामाजिक जवाफदेहिता बढाउन पहल गरिएको छ। स्थानीय तहमा गहन रुपमा क्षयरोगको पहिचान, निदान, रोकथाम, उपचार तथा सहयोग सम्बन्धि सेवा सञ्चालन गर्न निर्देशिका तयार भई कार्यान्वयनमा आइसकेको छ।

यो अभियानको मुख्य उद्देश्य. स्थानीय तहहरुलाई क्षयरोग अन्त्य गर्न उत्तरदायी भूमिका बहन गराउँदै स्थानीय सरकारको नेतृत्व, समुदाय र स्वास्थ्य प्रणालीको सुदृढीकरणका लागि आवश्यक स्रोतको परिचालन गर्नु रहेको छ। यो अभियानले समुदायको संलग्नता बढाउँदै सकृय क्षयरोगको खोज पडताल र. सामाजिक सुरक्षा कृयाकलापहरुलाई समावेश गर्न जोड दिएको छ। तर यसको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय तहमा प्राविधिक सहयोग, समन्वय, सहभागितामूलक. समीक्षा र आवधिक मूल्यांकनमा जोड दिनुपर्छ.।

यो रणनीतिले स्वास्थ्य प्रणालीलाई थप सुदृढ गर्दै तीनै तहका सरकारहरू सँगको समन्वय, सहकार्य र साझेदारितामा जोड दिएको छ। क्षयरोग स्वास्थ्यको मात्र समस्या नभई सामाजिक र आर्थिक चुनौतीको रुपमा बढी गम्भीर देखिएको छ। यसका लागि बहुक्षेत्रीय सहकार्यको अवधारणालाई अगाडि बढाउँदै अन्तर निकायको समन्वयलाई थप सुधार गर्नुपर्ने देखिन्छ।

सबै तहमा क्षयरोगलाई सामाजिक र राजनीतिक मुद्दाकोरूपमा स्थापित गर्दै यसको प्रभावकारी निदान र उपचारमा नयाँ प्रविधि तथा.औषधि सुरुवातका प्रयासहरू अगाडि बढेका छन्क्ष स्थानीय समुदायको संलग्नता बढाउन र क्षयरोगका बिरामीहरुलाई राष्ट्रिय कार्यक्रमको मूलप्रवाहमा ल्याउन सरकारी.प्रयासहरूको साथै साझेदार संस्थाहरु, नागरिक समाज, निजी क्षेत्र र क्षयरोगबाट प्रभावित समुदायहरुको सहयोगी भूमिका महत्वपूर्ण हुन्छ।

नेपालले विश्व र क्षेत्रीय स्तरमा. गरेका प्रतिबद्धताहरू पूरा गर्न बहुक्षेत्रीय समन्वय, सहकार्य, सहभागीमूलक अनुगमन र मूल्याङ्कन प्रणालीलाई थप सुदृढ गर्न आवश्यक छ। स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच अन्तर्गत आधारभूत स्वास्थ्य सेवा प्याकेजमा क्षयरोग सेवालाई. समावेश गर्दै क्षयरोगका बिरामीहरू र परिवारलाई पर्ने अधिक आर्थिक व्ययभारलाई कम गर्ने प्रयासहरुमा राष्ट्रिय क्षयरोग कार्यक्रम केन्द्रित हुनुपर्छ। यसका लागि समुदायस्तरमा मनोसामाजिक परामर्शका सेवाहरूका साथै सामाजिक संरक्षणका कार्यक्रमहरू एकीकृतरुपमा विस्तार गर्न आवश्यक छ। स्वास्थ्य खबरबाट


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका, सप्तरी**



## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनत: विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वत:बदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**
**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

# प्रधानमन्त्री प्रचण्डले राजनैतिक अन्यौलता सृजना गर्ने काम गर्ने गरेको नेता निधिको आरोप

**राजविराज**/नेपाली काँग्रेसका नेता एवं सांसद विमलेन्द्र नीधीले प्रधानमन्त्री प्रचण्डले राजनैतिक अन्यौलता सृजना गर्ने काम गर्ने गरेको आरोप लगाएका छन् ।

नेपाल कायस्थ महासंघको प्रथम राष्ट्रिय महाधिवेशन एवं वार्षिक साधारण सभाको शुक्रवार राजविराजमा उद्घाटन गर्दै उनले सो आरोप लगाएका हुन् ।

प्रधानमन्त्री प्रचण्डले उथलपुथलका कुरा भन्दा पनि जनताको समस्या र देशको विकासका कुरा बढी गर्नु पर्ने सुझाव दिँदै उनले भने "हिजो पनि यस्तै कुरा गरेर राजनैतिक अन्यौलता सिर्जना गर्ने काम भएको छ ।"

उनले अल्पसंख्यकको रुपमा रहे पनि कायश्थ जातीको मुलुकको हरेक क्षेत्रमा योगदान रहेको चर्चा गर्दै उनले राजनीतिक दलका हिसावले विभिन्न ठाउँमा विभक्त रहेर पनि जातिय उत्थान र समाजिक उत्थानका लागी कायश्थ समुदाय एकिकृत भई अघि बढ्नु पर्नेमा जोड दिए ।

उनले जातीय संस्कृतिको जर्गेना सहित समाजिक विकासमा अझ एकताबद्ध भई लाग्न कायश्थ समुदायका अगुवालाई आग्रह समेत गरे । सो अवसरमा उनले नेपाल कायश्थ महासंघको मुख-पत्रको रुपमा प्रकाशन गरिएको "कायश्थ स्मारिका २०८०" को विमोचन समेत गरे । यस्तै महासंघको वेवसाइटको समेत उनले शुभारम्भ गरे ।

कार्यक्रममा कायश्थ जातिको उत्थानका लागी योगदान पुर्‍याउने विभिन्न व्यक्तीत्वहरुलाई प्रमुख अथिती निधीले मिथिला पाग, दोसल्ला र कदरपत्रबाट सम्मान गरेका थिए । कार्यक्रममा महासचिव शिवचन्द्र लालले साँगठनीक तथा कोषाध्यक्ष सन्तोष किशोर लाभले कोषाध्यक्षीय प्रतिवेदन प्रस्तुत गरेका थिए ।

नेपाल कायस्थ महासंघका अध्यक्ष एवं सर्वोच्च अदालतका पूर्व न्यायधिश लोकेन्द्र मल्लिकको अध्यक्षतामा आयोजित कार्यक्रममा महासंघका निर्वतमान अध्यक्ष आनन्द मोहन लाल दास, सर्वोच्च अदालतका पूर्व न्यायधिश कमल नारायण दास, महासंघको काठमाण्डौ जिल्ला अध्यक्ष संतोष किशोर लाभ, कायस्थ स्मारिका २०८० का मुख्य सम्पादक राजेश कुमार झा, राजर्षी विश्व विद्यालयका उपकुलपति डा.शैलेन्द्र नारायण मल्लिक, डा.गौरी शंकर लाल दास लगायतले पनि शुभकामना दिँदै जातिय उत्थान संगै कायस्थ समाजको कला, कौशल तथा साँस्कृतिक विरासत जोगाउँदै सबै मिलेर अघि बढ्नु पर्नेमा जोड दिएका थिए ।

महाधिवेशन एवं वार्षिक साधारणसभामा कायस्थ जातिको जातिय संस्था चित्रगुप्त सेवा समितिका समेत देशभरका प्रतिनिधीहरुको सहभागिता छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्वरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईंचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईंचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्दि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : नवीन साप्ताहिक**

# अन्तर्राष्ट्रिय समाचार

## अफगानी विश्वविद्यालयमा डेढ बर्षदेखि किशोरीको प्रवेशमा रोक

**काबुल**/अफगानी ससकारको गैर जिम्मेवारपूर्ण प्रवृतिको परिणामस्वरुप निरन्तर करिब डेढ बर्ष (४५० दिन) भन्दा बढी समय अफगानिस्तानका विश्वविद्यालयहरू बालिकाहरूका लागि बन्द छन् । यसको चौतर्फी आलोचना भइरहेको छ । लामो समयदेखि गैर-मानवीय निर्णय बमोजिम बन्द भएका अफगानी विद्यालय तथा विश्वविद्यालयहरू अझै खोल्ने कुनै सङ्केत नदेखिएको टोलो न्यूजले जनाएको छ ।

शिक्षाबाट वञ्चित हुनु परेका निराशा बालिकाहरूले आफ्नो शैक्षिक गतिविधिमा भएको उल्लेखनीय ढिलाइलाई उजागर गर्दै यस वर्ष विश्वविद्यालयहरू पुनः खोल्ने विषयलाई प्राथमिकता दिन तालिबानी कामचलाउ सरकारलाई आग्रह गरेका छन् ।

पिडित अफगानी बालिकाको तर्फबाट बोल्दै खदिजाले किशोरीहरूको शिक्षाले सम्पूर्ण परिवारको साक्षरता र विकासलाई प्रतिबिम्बित गर्ने बताउनुभएको छ । खादिजाजस्तै धेरै अफगानी महिलाले सुरक्षाका कारण आफ्नो पूरा नाम उल्लेख गर्न चाहन्नन् । खदिजाले भन्नुभयो, "संवेदनशिल विषयलाई बेवास्ता गर्नाले समग्रमा देशको हरेक प्रगतिलाई खतरामा पार्ने सम्भावना बढेको छ ।

पिडितको भावनालाई प्रतिनिधित्व गर्दै नारो थर भएकी एक अर्की महिलाले बालिकाहरूका लागि विद्यालय र विश्वविद्यालयहरूको ढोका खोल्न आग्रह गर्नुभएको छ । गुणस्तरीय शिक्षाको निरन्तर प्राप्तिले मात्र उनीहरूको शिक्षा बलियो र प्रगतिशील समाज निर्माणका लागि महत्वपूर्ण भुमिका खेल्न सक्ने उनीहरूको भनाइ छ ।

यस सन्दर्भमा विश्वविद्यालयका प्राध्यापकहरूले समेत चिन्ता व्यक्त गर्दै किशोरीहरूका लागि विश्वविद्यालयहरू निरन्तर बन्द हुँदा देशको प्रगतिमा बाधा पुग्ने डर पलाएको उल्लेख गर्नुभएको छ ।

शिक्षाविद् जकिउल्लाह मोहम्मदीले शिक्षामा समान पहुँच सुनिश्चित गर्नु प्रभावकारी शासन र सामाजिक प्रगतिको आधार भएको बताउनुभएको छ । पूर्वराष्ट्रपति हमिद करजाईले नर्वेका उपराजदूतसँगको छलफलका क्रममा बालिकाका लागि शैक्षिक संस्थाहरू पुनः खोल्ने आवश्यकतालाई जोड दिनुभएको छ ।

पुनःखोल्ने सम्बन्धमा तालिबानबाट नयाँ घोषणाहरू नभए पनि उनीहरूको शिक्षाको अधिकारका सम्बन्धमा कामचलाउ सरकारले दिएको अघिल्लो आश्वासनलाई स्मरण गरिएको छ ।

सन २०२१ मा तालिबान सत्तामा फर्किएपछि सरकारको निर्देशन अनुसार विद्यालयहरूले छ कक्षा पढिसकेका बालिकाहरूलाई विद्यालय तथा विश्वविद्यालय स्तरको कक्षा प्रवेशमा रोक लगाएका टोलो न्यूजले जनाएको छ । एजेन्सी

## भारतमा अप्रिलदेखि गहुँको भण्डारको स्थिति अनिवार्य घोषणा गर्न सरकारद्वारा निर्देशन

**नयाँदिल्ली**/भारत सरकारले अप्रिलदेखि गहुँको भण्डारणस्थिति अनिवार्य घोषणा गर्न आदेश दिएको अधिकारीहरूले शनिबार बताएका छन् । अधिकारीहरूका अनुसार गहुँको भण्डारणस्थिति साप्ताहिक आधारमा घोषणा गर्नुपर्ने छ ।

सरकारले दक्षिण एसियाली देशका थोक बिक्रेता, खुद्रा बिक्रेता तथा ठूला सञ्जालका बिक्रेताहरू र व्यावसायीलाई अप्रिल १ देखि प्रत्येक शुक्रबार गहुँको भण्डारण स्थिति घोषणा गर्न आग्रह गरेको हो ।

घोषणा गर्नुको मुख्य उद्देश्य समग्र खाद्य सुरक्षा व्यवस्थापन गरि भण्डारण अनैतिकता रोक्ने रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ । भारत सरकारले चामलको लागि पहिले नै यस्तो आदेश जारी गरिसकेको छ । घोषणा अनुसार दर्ता नभएका संस्थाले अनिवार्य रुपमा दर्ता भई हरेक शुक्रबार गहुँ र चामलको भण्डारण खुलासा गर्न सुरु गर्नु पर्नेछ । आगामी दिनमा सबै कानुनी रुपमा दर्ता भएका संस्थाहरूले गहुँ र चामलको भण्डारण नियमित रूपमा घोषणा गर्नुपर्ने मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै निर्देशन दिएको छ ।

सरकारको खाद्य तथा सार्वजनिक वितरण विभागले गहुँ र चामलको मूल्य नियन्त्रण गरी देशमा सहज उपलब्धता सुनिश्चित गर्न गहुँ र चामलको भण्डारण स्थितिमा निगरानी गरेको जनाएको छ । एजेन्सी

## मेक्सिकोको दक्षिणी तटमा आठ आप्रवासीको शव फेला

**मेक्सिको**/दक्षिणी मेक्सिकोको ओक्साका राज्यको समुद्र तटमा शुक्रबार डुङ्गा दुर्घटनाको सिकार भएका आठ जना सन्दिग्ध आप्रवासीको शव फेला परेको अभियोजक कार्यालयले जनाएको छ । पीडितहरू ओक्साकाको तटमा डुङ्गामा यात्रा गर्दा दुर्घटनामा परेको अभियोजकले एक विज्ञप्तिमार्फत जानकारी गराएका छन् । दुर्घटनामा एक व्यक्ति बाँच्न सफल भएका बताइएको छ ।

प्रारम्भिक जानकारीअनुसार फेला परेका व्यक्तिहरू आप्रवासनको लागि अमेरिकातर्फ जान लागेको हुनसक्ने देखिएको छ । दुर्घटनाका पीडितहरू एसियाली मूलका भएको विश्वास गरिएको छ । सान फ्रान्सिस्को डेल मारको प्लाया भिसेन्टे किनारमा शवहरू फेला परेको र उक्त मार्ग संयुक्त राज्य अमेरिका पुग्न खोज्ने मानिसहरूले बारम्बार प्रयोग गर्ने मार्ग हो ।

हजारौं कागजातविहीन आप्रवासी प्रायः आफ्नो देशमा हिंसा, अशान्ति र गरिबीबाट भागेर-प्रत्येक वर्ष मेक्सिको हुँदै अमेरिकी सीमामा पुग्ने प्रयास गर्छन् । आधिकारिक तथ्याङ्क अनुसार गत वर्ष मेक्सिको पार गर्दा पक्राउ परेका अधिकांश आप्रवासीहरू चीन, भारत र उज्वेकिस्तानलगायतका देशबाट आएका पुष्टि भएको थियो ।

आप्रवासीको बढ्दो सङ्ख्याले अमेरिकामा आप्रवासन सुविधा र आश्रयमा आएका जटिलताले गर्दा मेक्सिको सरकारलाई यस मुद्दालाई सम्बोधन गर्न संयुक्त राज्य अमेरिकाको बढ्दो दबाब छ । एजेन्सी

# आगामी निर्वाचनमा कांग्रेसले गठबन्धन गर्दैन : डा कोइराला

**काठमाडौँ**/नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पार्टीले आगामी निर्वाचनमा गठबन्धन नगरी चुनाव लड्ने बताएका छन् ।

बिपी स्मृति सामुदायिक सहकारी अस्पताल लिमिटेडको १६औँ वार्षिक साधारणसभामा उनले आगामी निर्वाचनमा नेपाली कांग्रेसले गठबन्धन नगर्ने स्पष्ट पारेका हुन् ।

नेता डा कोइरालाले राष्ट्रियसभामा समावेशी र समानुपातिक निर्वाचन प्रणाली र प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचित हुने निर्वाचन प्रणाली लागू गरे मात्रै कनै एक दलले बहुमत ल्याउने र मुलुकमा स्थायित्व, विकास निर्माण अघि बढ्न सक्ने धारणा राखे ।

नेता डा कोइरालाले सत्य निरुपण तथा मेलमिलाप र वेपत्ता व्यक्तिहरूको छानबिन आयोगसम्बन्धी विधेयक, मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मूल्य, मान्यता, सर्वोच्च अदालतको निर्देशन र पीडितमैत्री बनाउनुपर्ने धारणा राखे ।

# ट्राफिक नियम सम्बन्धी तालिम सम्पन्न



**राजविराज**/राजविराज जेसीजले सडकमा गरिने व्यवहार तथा ट्राफिक नियम सम्बन्धी तालिम सम्पन्न गरेको छ ।

तालिमका प्रमुख अतिथि तथा मुख्य प्रशिक्षक जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख मेदनी प्रसाद साहले सडकमा गरिने व्यवहार तथा ट्राफिक नियम सम्बन्धी विभिन्न भिडियो सहितको सैद्धान्तिक तथा कानुनी कुराहरूबारे प्रशिक्षण दिएका थिए । उक्त तालिमका सहभागिहरुलाई राजविराज जेसीजका पूर्व अध्यक्ष मनोहर पोखरेलले समेतले प्रशिक्षण दिएका थिए ।

राजविराज जेसीजका अध्यक्ष विप्लव आनन्दले तालिमले सामाजिक रूपमा ट्राफिक नियम सम्बन्धी जनचेतना अभिवृद्धि भई सडक दुर्घटनामा कमी आउने विश्वास व्यक्त गरे ।

उक्त तालिममा पूर्व अध्यक्ष सिद्धार्थ तातेड, जिल्ला सप्तरी ट्राफिक कार्यालयका इन्द्रवीर श्रेष्ठ, टेक बहादुर बस्नेत, नवीन बहादुर कार्की, स्वविपु सदस्य अनिल यादव लगायतको उपस्थिति रहेको थियो । तालिम समापन पश्चात् सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

# पत्रकार महासंघको स्थापना दिवसमा रक्तदान कार्यक्रम

**राजविराज**/नेपाल पत्रकार महासंघको ६९ औं स्थापना दिवसमा शुक्रबार सप्तरी शाखाले रक्तदान कार्यक्रमको आयोजना गरेको छ ।

गजेन्द्र नारायण सिह अस्पताल परिसरमा रक्त संचार सेवा केन्द्रमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो ।

रक्तदान कार्यक्रममा पत्रकार महासंघका पूर्वसचिव जीतेन्द्र झा, वर्तमान सहसचिव गोपाल प्रसाद गुप्ता, पत्रकार रामशंकर भण्डारी तथा सशस्त्र प्रहरी अर्जुन सिह दनुवार, राज कुमार माझी र कुमार कार्कीले रक्तदान गरेको पत्रकार महासंघ शाखा सप्तरीका सभापती श्रवण कुमार देवले जानकारी दिए ।

रगतका कारण कुनै पनि व्यक्तीको मृत्यु नहोस भन्ने उद्देश्यका साथ स्थापना दिसमा यस्तो कार्यक्रम रोजिएको अध्यक्ष देवले बताए ।

# घुमुवा प्रहरी परिचालन नहुने

**काठमाडौँ**/सादा पोशाकमा परिचालन हुने (घुमुवा) प्रहरी गैर-व्यावसायिक क्रियाकलापमा संलग्न हुने गरेको जनगुनासो आएपछि नेपाल प्रहरीले सादा पोशाकमा जनशक्ति परिचालन नगर्न मातहतका निकायलाई निर्देशन दिएको छ ।

उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको निर्देशनअनुसार प्रहरी प्रधान कार्यालयले सादा पोशाकका प्रहरीको जिम्मेवारी तत्काल परिवर्तन गरी नियमित युनिफर्म ड्युटीको जिम्मेवारी दिन निर्देशन गरेको हो ।

प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले मातहतका प्रहरी युनिटमा उक्त परिपत्र गरिसकिएको जानकारी दिए । "त्यस कार्यालय तथा मातहतबाट हाल परिचालन गरिएका सादा पोशाकका प्रहरी कर्मचारीलाई (अपराध अनुसन्धान शाखामा कार्यरतबाहेक) तत्काल जिम्मेवारी परिवर्तन गरी नियमित युनिफर्म ड्युटीको जिम्मेवारी दिई निजहरुको काम, कारबाहीको समेत कार्यालय प्रमुखबाटै नियमित निगरानी गर्ने व्यवस्था मिलाउनु हुन निर्देशानुसार अनुरोध छ", परिपत्रमा भनिएको छ ।

प्रहरी प्रधान कार्यालयले जिम्मेवारी परिवर्तन गरिएका प्रहरी कर्मचारीको नामावली पठाउन पनि मातहतका निकायलाई निर्देशन दिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

# म्याद गुज्रेका रंगरोगन लगायतका समाग्री नष्ट

**राजविराज**/संयुक्त बजार अनुगमण टोलीले म्याद गुज्रेका रंगरोगन लगायतका समाग्री नष्ट गरेको छ । उक्त समाग्री टोलीका प्रतिनीधी र स्थानीयवासीको रोहबरमा नष्ट गरिएको हो ।

केही दिन यता दैनिकरुपमा थालेको अनुगमनका क्रममा स्थानीय पसलहरुबाट बरामद गरिएका रंगरोगन समाग्री बिहीवार नष्ट गरिएको छ ।

विगतमा होटल र किराना पसलमा बढी अनुगमन हुने गरेकोमा पहिलो पल्ट हार्डवेयर पसलमा समेत अनुगमन गरिएको हो ।

अनुगमनका क्रममा एचजी इन्टरप्राईजेजबाट १४ लिटर यति पेन्टसका रंग समाग्री तथा पुर्वे ट्रेडर्सबाट रंगरोगन कार्यमा प्रयोग गरिने ३ लिटर इनामेल म्याद गुज्रेको बरामद भएको टोलीमा सहभागी राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष राज कुमार गुप्ताले जानकारी दिए ।

टोलीमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख विक्रम लिम्बु, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि सुशिल कर्ण, घरेलु तथा साना उद्योग कार्यालयका कमल नारायण साह, राष्ट्रिय उपभोक्ता मञ्चका राज कुमार गुप्ता र पत्रकार सहभागी थिए ।

# पोखरीमा डुबेर बालकको मृत्यु

**राजविराज**/सप्तरीको बलान विहुल गाउँपालिका वडा नं. ४ बेल्हीस्थित मलाहटोल पोखरीमा डुबेर चार वर्षीय बालक मृत्यु भएको छ ।

मृत्यु हुनेमा ईन्दल मुखियाका छोरा वर्ष ४ का आनन्द मुखिया छन् । खेली रहेको अवस्थामा घर अगाडी रहेको पोखरीमा डुबेर बालकको मृत्यु भएको प्रहरीले जनाएको छ ।

पोखरीमा डुबेपछि स्थानीयले हेरपछि उक्त बच्चालाई पोखरीबाट मृत अवस्थामा निकालेका थिए ।


# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**



# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।



**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**



**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*